# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १ मितिः २०८०।०३।०४


## भाग - २

## शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, (दोश्रो संसोधन) २०८०

<u>नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/२४</u>

शिवराज नगरपालिकाको **करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५** लाई **शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५** नामाकरण गरिएको छ ।

१. **कार्यविधिको दफा ४ को उपदफा (३) मा भएको संसोधनः** उपदफा २ बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा उपदफा ५ बमोजिमको समितिले मूल्यांकन गरी सुचिकृत गर्नु पर्नेछः

(क) लिखित एवं प्रयोगात्मक परीक्षा वापत ५० (पचास) अंक

(१) लिखित परीक्षा वापत ३० (तीस) अंक, उत्तिर्णांक ४०%

(२) प्रयोगात्मक परीक्षा बापत् २० (वीस) अंक (उत्तिर्णांक ४०%)

(प्रयोगात्मक परीक्षा नहुने विषयको हकमा ५० अंकभार कै लिखित परीक्षा हुनेछ ।)

लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र पदपूर्ति समितिको निर्णयानुसार लिखित/प्रयोगात्मक/मौखिक परीक्षा सञ्चालन गरिनेछ ।लिखित परीक्षा वस्तुगत वा भाषागत वा दुवै हुन सक्नेछ । अन्य विषयमा निर्णय गर्दा पदपूर्ति समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(ख) अन्तर्वार्ता परीक्षा बापत् २० (बीस) अंकः यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ४०% (चालिस) र अधिकतम ७०% (सत्तरी) को सीमा भित्र रही प्रदान गर्न पर्नेछ । ४०% भन्दा कम वा ७०% (सत्तरी) भन्दा माथि अंक प्रदान गर्नु परेमा स्पष्ट कारण दिनु पर्नेछ।

(ग) शैक्षिक योग्यता बापत् २० (बीस) अंक (विशिष्ट श्रेणी बापत् २०, प्रथम श्रेणी बापत् १५, द्वितीय श्रेणी बापत् १०, तृतीय श्रेणी बापत् ५ (त्रिभुवन विश्व विद्यालयको अंक गणनाको आधारमा)

(घ) स्थानीय बासिन्दालाई देहाय बमोजिम १० (दश) अंक

(१) शिवराज नगरपालिकाको बासिन्दा भएमा १० अंक

(२) अन्य स्थानीय तहको बासिन्दा भएमा ५ अंक

(ङ) माथि जे जस्तो व्यवस्था भए पनि कार्यालय सहयोगी वा सो सरहको हकमा अन्तर्वार्ता परीक्षा मात्र हुनेछ ।

२. **कार्यविधिको दफा ५ मा भएको संसोधनः** माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ को उपदफा ३ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेद्वारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकिय अधिकृत – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विशेषज्ञको रुपमा सरकारी सेवाको अधिकृतस्तरको कर्मचारी – सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखाको प्रमुख – सदस्य

(घ) अन्य विषयको विषय विशेषज्ञ आवश्यकता अनुसार पदपूर्ति समितिमा आमन्त्रित गर्नु पर्ने भएमा समितिका संयोजक प्र.प्र.अ. को निर्णय बमोजिम समावेश गर्न सकिनेछ ।

(ङ) पदपूर्ति समिति बाहेक परीक्षा सञ्चालन, व्यवस्थापन तथा सहजीकरणका लागि प्र.प्र.अ. को निर्णयानुसार कार्यालय सहयोगी समेत गरी अन्य कर्मचारीहरुलाई पनि समावेश गर्न सकिनेछ ।

३. यहाँ उल्लेख नभएका अन्य विषयहरुको हकमा शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, (पहिलो संसोधन) २०७९ एवं शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

*प्रमाणिकरण मितिः २०८०/०३/०३*

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**